## उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

## बागमती प्रदेश, हेटौंडा

# प्रदेश सुचनाको हक सम्बन्धी ऐन, २०७६ को दफा ५(२) प्रयोजनार्थ सार्वजनिक गरिएको विवरण

२०८२ माघ १ गतेदेखि २०८२ चैत्र मसान्त सम्मको विवरण समावेश गरिएको

प्रकाशन मितिः २०८३।०१।०७

प्रकाशकः
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,
बागमती प्रदेश, हेटौंडा

फोन न. ०५७५२००१४
ईमेलः doiccip3@gmail.com

नेपालको वर्तमान संविधानले सूचनाको हकको संवैधानिक प्रत्याभूत गरेको छ। सोको कार्यान्वयनको लागि सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा ऐ. नियमावली, २०६५ कार्यान्वयनमा रहेका छन्। सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरूको विवरण ३/३ महिनामा प्रकाशन गर्नपर्ने कानूनी व्यवस्था गरेको छ। साथै प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७६ ले समेत प्रत्येक सार्वजनिक निकायले नियमित रुपका स्वतः प्रकाशन गर्नुपर्ने व्यवस्था गरेको छ। उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,बागमती प्रदेश, हेटौडाले आ.व. २०८२/८३ को माघ, फाल्गुन र चैत्र महिनामा सम्पादन गरेका प्रमखु कार्यहरूको विवरण स्वतः प्रकाशन गरिएको छ।

**उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,**

**बागमती प्रदेश, हेटौडा**

## १. निकायको स्वरुप र प्रकृति

नेपालको संविधान (२०७२) जारी भए पश्चात प्रदेश सरकार मातहत बागमती प्रदेशमा नियमगत मन्त्रालयको रुपमा नेपाल सरकारको मिति २०७४।१०।१० को निर्णयिनुसार उद्योग, पर्यटन तथा वातावरण मन्त्रालय स्थापना भई कार्यसञ्चालन गर्दै आएकोमा विभिन्न मितिमा मन्त्रालयको नाम हेरफेर भई हाल उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय अन्तर्गत उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको स्थापना भएको हो। यस अन्तर्गत बागमती प्रदेशका १३ वटै जिल्लामा उद्योग तथा वाणिज्य कार्यालयहरु रहेका छन्।

## २. निकायको काम, कर्तव्य र अधिकार

- व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको कार्यान्वयन।
- कलकारखाना र औद्योगिकीकरण सम्बन्धी, नीति,कानून, मापदण्ड र योजना कार्यान्वयन र नियमन।
- प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण,प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियन्त्रण।
- ढुवानी र परिवहन प्रणाली तथा कार्गो प्रणाली व्यवस्थापन।
- उद्योग दर्ता, अनुमती, नवीकरण एवं खारेजी र औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन।
- व्यापारिक फर्महरु दर्ता, नवीकरण, खारेजी र नियमन।
- खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवं पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत सङकलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र संघसँग समन्वय।
- भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी विषय।
- प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार सम्बन्धी कार्य।
- औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन सम्बन्धी विषय।

- उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन।
- कालोबजारी, सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण एवं नियमन।
- अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना सङकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तर प्रादेशिक र स्थानीय तहबीच समन्वय।
- प्रदेशस्तरका हानिकारक पदार्थहरुको नियमन तथा सञ्चालन।
- दामासाहिमा परेका उद्योग, व्यवसायिक कम्पनि तथा फर्म व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन।
- प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन।
- औद्योगिक तथा व्यापार प्रर्दशनीको आयोजना तथा व्यवस्थापन।
- श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्डको कार्यान्वयन तथा नियमन।
- औद्योगिक विवाद समाधान, श्रम सम्बन्ध सुधार तथा न्यायिक निरुपण सम्बन्धी विषय।
- श्रम शक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना।

# ३. निकायमा रहने कर्मचारी सङख्या र कार्य विवरण

## ३.१ निकायको स्वीकृत सङ्गठन संरचना

**निर्देशक**
(अधिकृतस्तर नवौ/दशौ —(प्रशासन, सामान्य प्रशासन)–१

**प्रशासन शाखा तथा योजना शाखा**
- अधिकृत (प्र/सा.प्र अधिकृतस्तर सातौ/आठौं)– १
- सहायक (सहायक पाँचौं/अधिकृतस्तर छैटौं प्र/सा.प्र)– २
- सब-ईन्जिनियर (मेकानिकल,माइनिङ)-१
- कम्प्युटर अपरेटर(सहायक पाँचौं/चौथो, प्र.विविध)-१
- हलुका सवारी चालक (तहविहिन)– १
- कार्यालय सहयोगी (तह विहिन)-२

**उद्योग प्रवर्दन शाखा**
- अधिकृत (प्र/सा.प्र अधिकृत सातौ/आठौं)– १
- सहायक (सहायक पाँचौं/अधिकृतस्तर छैटौं प्र/सा.प्र)– २

**वाणिज्य प्रशासन तथा उपभोक्ता हित संरक्षण शाखा**
- अधिकृत (प्र/सा.प्र /अधिकृतस्तर सातौं/आठौं)– १
- खाद्य अधिकृत (अधिकृत सातौं/आठौं)-१
- केमिकल इन्जिनियर (अधिकृत सातौं/आठौं)-१
- इन्जिनियर(सिभिल,जनरल, अधिकृत सातौं/आठौं)-२
- सब-इन्जिनियर (सहायक पाँचौं/अधिकृत छैटौं)-२
- सहायक (सहायक पाँचौं/अधिकृतस्तर छैटौं )प्र/सा.प्र)— २

**आर्थिक प्रशासन शाखा**
- ले.पा (सहायक पाँचौं/अधिकृत छैटौं)प्र/लेखा)-१

**खनिज अन्वेषण तथा व्यवस्थापन शाखा**
- अधिकृत (अधिकृतस्तर सातौ इन्जि/माइनिङ्ग)– १
- अधिकृत (अधिकृतस्तर छैठौ इन्जि/माइनिङ्ग)– २

## ३.२ निकायको स्वीकृत दरबन्दी तेरिज

निर्देशनालयको स्वीकृत दरबन्दी तेरिज अनुसार पदपूर्तिको अवस्था देहाय बमोजिम रहेको छः

| सि.नं. | पद | सेवा/समुह | तह | स्वीकृत दरवन्दी संख्या | पदपुर्ती संख्या | रिक्त पदको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | निर्देशक | प्रशासन/सा.प्र. | अधिकृतस्तर नवौं/दशौं | १ | १ | ० | |
| २. | अधिकृत | प्रशासन/सा.प्र. | अधिकृतस्तर सातौं/आठौं | ३ | ३ | ० | |
| ३. | अधिकृत | इन्जि/माइनिङ्ग | अधिकृतस्तर सातौं/आठौं | १ | – | १ | |
| ४. | अधिकृत | केमिकल/इन्जिनियर | अधिकृतस्तर सातौं/आठौं | १ | - | १ | |
| ५. | खाद्य अधिकृत | कृषि/फू.न्यू | अधिकृतस्तर सातौं/आठौं | १ | - | १ | |
| ६. | अधिकृत | प्रशासन/सा.प्र. | अधिकृतस्तर छैटौं | ६ | १ | ५ | |
| ७. | अधिकृत | प्रशासन/लेखा | अधिकृतस्तर छैटौं | १ | १ | ० | |
| ८. | ईन्जिनियर | इन्जि/सिभिल | अधिकृतस्तर सातौं/आठौं | २ | २ | ० | करारमा कार्यरत |
| ९. | सव ईन्जिनियर | केमिकल/इन्जिनियर | अधिकृतस्तर छैटौं / सहायक पाचौं | १ | - | १ | |
| १०. | सव ईन्जिनियर | माइनिङ्ग/इन्जिनियर | अधिकृतस्तर छैटौं / सहायक पाचौं | १ | - | १ | |
| ११. | सव ईन्जिनियर | इन्जि/सिभिल | अधिकृतस्तर छैटौं / सहायक पाचौं | २ | २ | ० | करारमा कार्यरत |
| १२. | कम्प्यूटर अपरेटर | विविध | सहायक चौथो | १ | १ | ० | करारमा कार्यरत |
| १३. | ह.स.चा. | नेपाल इन्जिनियरिङ्ग | तहविहिन | १ | १ | ० | करारमा कार्यरत |
| १४. | कार्यालय सहयोगी | प्रशासन/सा.प्र. | तहविहिन | २ | २ | ० | करारमा कार्यरत |
| | | | जम्मा | २४ | १४ | १० | |

## ३.३ निकायबाट प्रदान गरिने सेवा

बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० ले तोकेको कार्यक्षेत्रभित्रका नीतिगत र कार्यात्मक निर्णयहरु तथा मताहतका कार्यालयहरुबाट सेवा प्रवाहजन्य कार्यहरु।

## ४. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| सि.न. | कर्मचारीको नाम | पद | शाखा | सम्पर्क न. |
|---|---|---|---|---|
| १. | श्री यादवनाथ आचार्य | निर्देशक | - | ९८५११५९३२५ |
| २. | श्री ध्रुव प्रसाद ढकाल | अधिकृत सातौं | वाणिज्य प्रशासन तथा उपभोक्ता हित संरक्षण शाखा | ९८४४०८०३५५ |
| ३. | श्री मुक्तिनाथ निरौला | अधिकृत सातौं | प्रशासन शाखा तथा योजना शाखा | ९८५५०८७२७५ |
| ४. | श्री गोविन्द राज जोशी | अधिकृत सातौं | उद्योग प्रवर्द्धन शाखा | ९८६५८४५७०६ |
| ५. | श्री हरीप्रसाद उप्रेती | अधिकृत छैटौं | उद्योग प्रवर्द्धन शाखा | ९८४१३१६४९९ |
| ६. | श्री सजना फुयाल | लेखापाल | आर्थिक प्रशासन शाखा | ९८५५०३२८१६ |
| ७. | श्री अनुप राज दाहाल | इन्जिनियर | वाणिज्य प्रशासन तथा उपभोक्ता हित संरक्षण शाखा | ९८४३२२९६६६ |
| ८. | श्री नितेश पौडेल | इन्जिनियर | वाणिज्य प्रशासन तथा उपभोक्ता हित संरक्षण शाखा | ९८४५८९९४२५ |
| ९. | श्री सुनिल जङ्ग राई | सव-इन्जिनियर | वाणिज्य प्रशासन तथा उपभोक्ता हित संरक्षण शाखा | ९८४३८८७६०१ |
| १०. | श्री अनिश अधिकारी | सव-इन्जिनियर | वाणिज्य प्रशासन तथा उपभोक्ता हित संरक्षण शाखा | ९८६२१३६६४९ |

| | | | | |
|---|---|---|---|---|
| ११. | श्री सफल उप्रेति | स. कम्प्युटर अपरेटर | प्रशासन शाखा तथा योजना शाखा | ९८६११९१३४२ |
| १२. | श्री सन्तोष कुमार न्यौपाने | ह.स.चा | - | ९८४५२९१७९९ |
| १३. | श्री सुमन खतिवडा | कास | - | ९८६९१५१५१२ |
| १४. | श्री रमुना चापागाई | कास | - | ९८६५२६८७७० |
| १५. | श्री शान्तिमाया तामाङ्ग | स्वीपर | - | ९७६१८६७१६२ |

**५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

मौजुदा कानूनले तोके बमोजिम ।

**६. निर्णय गर्ने प्रकृया र अधिकारी**

सम्बन्धित अधिकारीले विषयको प्रकृतिको अनुसार शाखा प्रमुख समक्ष कारबाहीका लागि पेश गर्ने तथा शाखा प्रमुखले निर्णयका लागि निर्देशकसमक्ष पेश गर्ने र निर्देशकले प्रचलित कानूनी व्यवस्था बमोजिम निर्णय गर्ने व्यवस्था रहेको छ।

**७. निर्णय उपर गुनासो सुन्ने अधिकारी/ निर्णय उपर उजुरी सुन्ने अधिकारी**

कार्यालय प्रमुखले कार्यलयमा प्राप्त उजुरी तथा सेवाग्राहीको गुनासोको सम्बोधन गर्ने व्यवस्था रहेको।

**८. सम्पादन गरेको कामको विवरण**

आ.व २०८२/८३ को तेस्रो त्रैमासिकमा यस निर्देशनालयबाट सम्पादित क्रियाकलाप तथा गतिविधिहरुको विवरण देहायबमोजिम छः

- बागमती प्रदेश हस्तकला संघसँगको सहकार्यमा माघ ९ र १० गते प्रदेशभित्र हस्तकलामा आबद्ध उद्यमी, व्यवसायी तथा सरोकारवालाको उपस्थितिमा प्रदेश स्तरीय हस्तकाल सम्मेलन चितवनको सौराहामा सम्पन्न भएको छ।
- नेपाल उद्योग वाणिज्य महासंघसँगको सहकार्यमा दक्ष जनशक्ति उत्पादनका लागि सिप परीक्षण सहितको तलिम मकवानपुर जिल्लाको पालुङमा सञ्चालन भईरहेको छ।
- विदेशबाट फर्किएका (रिटर्नीलाई) १५ दिने बारिष्टा तालिम मकवानपुरको हेटौडामा सम्पन्न भएको छ।
- उद्योग तथा वाणिज्य कार्यालय, मकवानपुर र निर्देशनालयको संयुक्त आयोजनामा मकवानपुरको चित्लाङमा चैत्र ३ माननीय मन्त्री श्री बिन्दु श्रेष्ठज्यूको समुस्थिति तथा स्थानीयवासी, उद्योगी,

व्यावसायी, उपपभोक्ता अधिकारकर्मी लगायतका सरोकारवालाको उपस्थितिमा सन्पन्न भएको छ।

- चितवनको माडी र धादिङ जिल्लामा उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरिएको छ।
- स्थिर पुंजी बाहेक बीस लाखसम्म लगानीमा सञ्चालित लघु उद्यमी, हस्तकला एवम् उत्पादनमूलक उद्योगहरुलाई (डेडिकेटेड र फिडर बाहेक) सिन्धुली र ललितपुर जिल्लामा विद्युत महशुलमा ५० प्रतिशतमा सहुलियत कार्यक्रमका लागि जिल्लास्थित कार्यालयबाट आवेदन सङ्कलन भइ मूल्याङ्कनको चरणमा रहेको छ।
- उद्योग प्रवर्द्धन सम्बन्धी राष्ट्रिय टेलिभिजनमा संवाद कार्यक्रम कार्यान्वयनको चरणमा रहेको छ।
- एक स्थानीय तह, एक प्रमुख उद्योग तथा एक वडा एक उद्यम कार्यक्रमका लागि जिल्लास्थित कार्यालयबाट प्राप्त प्रस्तावको हकमा स्थलगत अनुगमन सम्पन्न गरिएको छ।
- पूर्वाधार निर्माणका कार्यक्रम मध्ये देहायका कार्यक्रम कार्यान्वयनको लागि सम्झौता गरिएको
    - गुन्द्रुक तथा मस्यौरा उद्योग प्रवर्द्धनका लागि बिक्री केन्द्र ट्रस निर्माण, हेटौडा-१२, आँपधाप, घलेटोल
    - कोशेली घर निर्माण, खनियाखर्क, गोलन्जोर-०५, खनियाखर्क
    - स्थानीय उत्पादन सङ्कलन तथा बिक्री केन्द्र निर्माण (ट्रस), दुधौली-०४, खनिया
    - कोशेली घर निर्माण, रासि
    - झनझने बजार केन्द्र विकास तथा प्रवर्द्धन, सिन्धुली
    - डकाहा बजार केन्द्र विकास तथा प्रवर्द्धन, सिन्धुली

**९. प्रमुख र सूचना अधिकारीको नाम र पद**

कार्यालय प्रमुखः श्री यादवनाथ आचार्य (अधिकृत नवौं)

सूचना अधिकारीः श्री गोविन्द राज जोशी (अधिकृत सातौं)

**१०. ऐन, नियम वा निर्देशिकाको सूची**

- कार्यालयसँग सम्बन्धित मौजुदा ऐनहरु
    - ✓ प्रदेश व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ (दोस्रो संशोधन, २०८२)
    - ✓ प्रदेश औधोगिक व्यवसाय ऐन, २०७६ (दोस्रो संशोधन, २०८२)
- कार्यालयसँग सम्बन्धित मौजुदा कार्यविधि
    - ✓ वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२
    - ✓ एक स्थानीय तह एक प्रमुख उद्योग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

✓ एक वडा एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

✓ प्रविधि हस्तान्त्रण कार्यविधि. २०८१

✓ तालिम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

✓ मेला, महोत्सव, प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

✓ प्रविधि हस्तान्त्रण कार्यविधि, २०८१

➢ कार्यालयसँग सम्बन्धित मौजुदा निर्देशिका

✓ प्रदेशस्तरीय संयुक्त बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका, २०८०

## ११. आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण (चालु आ.व.को तेस्रो त्रैमासिक प्रगती विवरणः

चालु खर्चः

| सि.न. | ब.उ.शी.नं. | कार्यालयको नाम | कुल बजेट (रु हजारमा) | आ.व.२०८२/०८३ को | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | खर्च (हजारमा) | खर्च प्रतिशत | |
| १. | ३२७००११२३ | उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,हेटौंडा | १०२४३.५ | ३२२८.४२६ | ३१.५१% | |
| २. | ३०७०१०११३ | उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,हेटौंडा | २४७३६.८ | ९३३६.८१६ | ३७.७४% | |

पुँजिगत खर्चः

| सि.न. | ब.उ.शी.नं. | कार्यालयको नाम | कुल बजेट (रु हजारमा) | आ.व.२०८२/०८३ को | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | खर्च | खर्च प्रतिशत | |
| १. | ३०७००११२४ | उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,हेटौंडा | १२१२६० | ०.०० | ०% | |
| २. | ३०७०१०११४ | उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,हेटौंडा | २४९१४ | ३६७.८७५ | १.४७% | |

१२. निर्देशनालय तथा मातहतका निकायबाट आ.व २०८२/०८३ को तेस्रो त्रैमासिक सम्ममा सङ्कलित राजस्वको विवरण:

| कार्यालय | चैत्र सम्मको राजस्व सङ्कलन |
|---|---|
| उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | १५१३५०।- |
| उद्योग तथा वाणिज्य कार्यालय, काठमाडौं | ७२७५६३१०।- |
| उद्योग तथा वाणिज्य कार्यालय, ललितपुर | १९७८७७३०।- |
| उद्योग तथा वाणिज्य कार्यालय, मकवानपुर | १५०९९५५९।- |
| उद्योग तथा वाणिज्य कार्यालय, चितवन | २७८८१३२१।- |
| उद्योग तथा वाणिज्य कार्यालय, दोलखा | ४२३२८६१।- |
| उद्योग तथा वाणिज्य कार्यालय, रामेछाप | ३४४८३२४।- |
| उद्योग तथा वाणिज्य कार्यालय, सिन्धुली | ६९६८८१६।- |
| उद्योग तथा वाणिज्य कार्यालय, काभ्रेपलाञ्चोक | १५७५९२५०।- |
| उद्योग तथा वाणिज्य कार्यालय, सिन्धुपाल्चोक | ४५९९५२५।- |
| उद्योग तथा वाणिज्य कार्यालय, रसुवा | १४५४६३७।- |
| उद्योग तथा वाणिज्य कार्यालय, नुवाकोट | ८८४६४०५।- |
| उद्योग तथा वाणिज्य कार्यालय, धादिङ | ७९७७७३८।- |
| उद्योग तथा वाणिज्य कार्यालय, भक्तपुर | १०६५०८३१।- |
| **कुल जम्मा** | १९,९६,१४,६५७।- |